# फाकफोकथुम राजपत्र

## फाकफोकथुम गाउँपालिकाद्वारा प्रकाशित

*खण्डः १०* *संख्याः ३* *मितिः २०८३/०३/३२*


## भाग-१

## फाकफोकथुम गाउँपालिका, आमचोक, इलाम

*गाउँसभाले बनाएको तल लेखिए बमोजिमको ऐन सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ।*

**गाउँसभामा पेश मितिः २०८३/०३/१०**

**पारित मितिः २०८३/०३/३१**

### फाकफोकथुम गाउँपालिकाको अर्थ सम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्न बनेको ऐन, २०८३

**प्रस्तावना :** फाकफोकथुम गाउँपालिकाको आर्थिक वर्ष २०८३।८४ को अर्थ सम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्नको निमित्त स्थानीय कर तथा शुल्क संकलन गर्ने, छुट दिने तथा आय संकलनको प्रशासनिक व्यवस्था गर्न वाञ्छनीय भएकोले,

नेपालको संविधानको धारा २२८ को उपधारा (२) बमोजिम फाकफोकथुम गाउँपालिकाको गाउँकार्यपालिले यो बिधेयक बनाएको छ।

**१. संक्षिप्त नाम र प्रारम्भ :** (१) यस ऐनको नाम आर्थिक ऐन, २०८३ रहेको छ।

(२) यो ऐन २०८३ साल श्रावण १ गतेदेखि फाकफोकथुम गाउँपालिका क्षेत्रमा लागु हुनेछ।

**२. भूमि कर (मालपोत) :** गाउँपालिका क्षेत्रभित्र एकिकृत अनुसूची (१) बमोजिम भूमि कर (मालपोत) लगाइने र असूल उपर गरिनेछ।

**३. घर बहाल कर :** गाउँपालिका क्षेत्रभित्र कुनै व्यक्ति वा संस्थाले भवन, घर, पसल, ग्यारेज, गोदाम, टहरा, छप्पर, जग्गा वा पोखरी पूरै आंशिक तवरले वहालमा दिएकोमा अनुसूची (२) बमोजिम घर जग्गा वहाल कर लगाइने र असूल गरिनेछ ।

**४. व्यवसाय कर :** गाउँपालिका क्षेत्रभित्र व्यापार, व्यवसाय वा सेवामा पूँजीगत लगानी र आर्थिक कारोवारका आधारमा अनुसूची (३) बमोजिम व्यवसाय कर लगाइने र असूल उपर गरिनेछ ।

**५. विज्ञापन कर :** गाउँपालिका क्षेत्रभित्र हुने विज्ञापनमा अनुसूची (४) बमोजिम विज्ञापन कर लगाइने र असूल उपर गरिनेछ । सो सम्बन्धि अन्य व्यबस्था प्रदेश कानून बमोजिम हुनेछ ।

**६. बहाल बिटौरी शुल्क :** गाउँपालिका क्षेत्रभित्रका सार्वजनिक, स्थानीय सरकारको नाममा रहेका ऐलानी जग्गा त्यस्तो जग्गामा रहेका पोखरी, हाटबजार, प्रदर्शनी स्थल र ती स्थानमा अस्थायी अनुमती लिएर राखिएका पसलमा अनुसूची (५) अनुसार बहाल बिरौटी शुल्क लगाइने र असूल उपर गरिनेछ ।

**७. सडक उपयोग सेवा शुल्क :** गाउँपालिका क्षेत्रभित्र गुड्ने सवारी साधनबाट सडक उपयोग गरे वापत अनुसूची (६) बमोजिम सडक उपयोग सेवा शुल्क लगाइने र असूल उपर गरिनेछ ।

**८. सेवा शुल्क, दस्तुर :** गाउँपालिकाले नेपालको संविधानको अनुसूची ७ बमोजिमका क्षेत्र र बिषयमा पुर्याएको सेवा वापत अनुसूची (७) मा उल्लिखित दरमा सेवा शुल्क दस्तुर लगाउँने र असुल उपर गरिनेछ ।

**९. प्राकृतिक स्रोत संकलन तथा बिक्री शुल्क :** (१) फाकफोकथुम गाउँपालिका भित्र आर्थिक बर्ष २०८३।०८४ मा ढुङ्गा, गिटी, बालुवा, माटो, दहत्तर बहत्तरको संकलन तथा बिक्रीमा अनुसूची ८ बमोजिमको शुल्क लगाइने र संकलन गरिनेछ ।

(२) उपदफा (१) बमोजिमको कर संकलन गर्नु अघि संघीय कानून बमोजिम आवश्यक पर्ने स्वीकृत वातावरणीय अध्ययन प्रतिवेदन प्रदेश सरकार समक्ष प्रस्तुत गर्नु पर्नेछ ।

(३) उपदफा २ मा जे सुकै लेखिएको भएतापनि यस भन्दा पहिले वातावरणीय अध्ययन प्रतिवेदन स्वीकृत भइसेकेको रहेछ भने ढुङ्गा, गिटी, बालुवा, माटो, दहत्तर बहत्तर संकलन गर्न वाधा पर्ने छैन ।

(४) उपदफा ३ बमोजिम प्राकृतिक स्रोत संकलन तथा बिक्री शुल्कको संकलित रकम गाउँपालिकाको विभाज्य कोषमा जम्मा गरिनेछ ।

(५) उपदफा ४ बमोजिम संकलित तथा प्रदेश कानून बमोजिम बाँडफाँड हुने भई गाउँपालिकाले प्राप्त गर्ने रकम सञ्चित कोषमा दाखिला गरिनेछ ।

**१०. दर घटाउन बढाउन वा कर छुट :** (१)यस ऐन बमोजिम कर तिर्ने दायित्व भएका व्यक्ति वा संस्थाहरुलाई कुनै पनि किसिमको कर छुट दिइने छैन ।

(२) ठेक्का प्रक्रियाबाट आन्तरिक आय संकलन गर्दा गराउँदा त्यस्तो ठेक्काको सम्पूर्ण रकम सम्झौताको बखत एकमुष्ट बुझाएमा १० प्रतिशत (दश प्रतिशत) छुट दिइनेछ । तर किस्ताबन्दीमा छुट सुबिधा दिइने छैन ।

**११**. यस ऐनमा उल्लेख नभएका कुनै पनि विषयका दररेटहरु तत्काल निर्धारण गर्नुपर्ने भएमा सोही विषयसंग मिल्दोजुल्दो अर्को विषयको दररेट आधार मानी दररेट कायम गरिनेछ।

**१२. कर तथा शुल्क संकलन सम्बन्धी कार्यविधि :** यो ऐनमा भएको व्यवस्था अनुसार कर तथा शुल्क संकलन सम्बन्धी कार्यविधि गाउँ कार्यपालिकाले तोके अनुसार हुनेछ।

**अनसूची-१**
**दफा २ संग सम्बन्धित**
**२०८३।८४ को मालपोत दररेट**

यस फाकफोकथुम गाउँपालिकाको जग्गाको न्यूनतम मूल्याङ्कन सम्बन्धमा जग्गा वर्गीकरण सम्बन्धि बनेको भू उपयोग ऐन २०७६, नियमावली २०७९ बमोजिम जग्गा वर्गीकरण गरी गाउँपालिकाको भू-उपयोग परिषद् बाट पारित गरी देहाय अनुसारको जग्गाको मूल्याङ्कन तथा मालपोत दस्तुर तोकिएको छ। साथै यस अघि निर्धारण गरेको बजार क्षेत्र (जस्तै..शिकारि भञ्जयाङ बजार क्षेत्र र पञ्चमी बजार क्षेत्र)को मूल्याङ्कन र निम्न अनुसारको मूल्याङ्कनमा जुन बढी आउँछ सोहीलाई नै कायम गर्ने।

| क्र.सं. | क्षेत्र | जग्गाको मूल्याङ्कन प्रति रोपनी | मालपोत दस्तुर प्रति रोपनी | कैफियत |
|---|---|---|---|---|
| १ | कृषि क्षेत्र | ३५ हजार | १० रुपैयाँ | |
| २ | आवास क्षेत्र | ७५ हजार | ३० रुपैयाँ | |
| ३ | व्यवसायिक क्षेत्र | २ लाख | ५० रुपैयाँ | |
| ४ | औद्यौगिक क्षेत्र | २ लाख | ५० रुपैयाँ | |

**अनुसूची-२**
**दफा ३ संग सम्बन्धित**
**घर वहाल कर**

| क्र.सं. | विवरण | २०८३।८३ को दररेट |
|---|---|---|
| १ | घर/जग्गा वहाल कर वहाल रकममा | १० प्रतिशत |

अनुसूची-३
**दफा ४ संग सम्बन्धित**
**२०८३।८४ को नबिकरण शुल्क**

| क्र.सं. | व्यावसायको किसिम | दर्ता | नविकरण |
|---|---|---|---|
| १ | निर्माण सामाग्री हार्डवेयर | २००० | १००० |
| २ | विद्युतिय सामाग्री | १००० | ५०० |
| ३ | किराना (खाध सामाग्री) | १००० | ५०० |
| ४ | कपडा पसल | १५०० | ५०० |
| ५ | ज्वेलरी (सुन चांदी) पसल | २००० | १००० |
| ६ | उत्पादनमूलक उद्योग | ३००० | १००० |
| ७ | उर्जामूलक उद्योग | ३००० | १००० |
| ८ | वनजन्य उद्योग | ५००० | २००० |
| ९ | कृषिजन्य उद्योग | १००० | ५०० |
| १० | खनिज उद्योग | ५००० | २००० |

| | | | |
|---|---|---|---|
| ११ | होटल | १००० | ५०० |
| १२ | चिया नास्ता पसल | १००० | ५०० |
| १३ | निर्माण उद्योग | ५००० | २००० |
| १४ | नर्सिङ्ग होम तथा गै.स. अस्पताल | २५०० | १५०० |
| १५ | क्लिनिक तथा ल्याब | १५०० | १००० |
| १६ | मर्मत संभार सवारी साधन | २००० | १००० |
| १७ | मर्मत संभार घडी रेडियो | १००० | ५०० |
| १८ | व्युटि पार्लर/सैलुन | १००० | ५०० |
| १९ | डेस्कटप तथा फोटो स्टुडियो | २००० | १००० |
| २० | मासु पसल | १००० | ५०० |
| २१ | टेलरिङ्ग | १००० | ५०० |
| २२ | भाडाकुडा बिक्रेता | १००० | ५०० |
| २३ | फर्निचर बिक्रेता | २००० | १००० |
| २४ | एग्रोभेट सेन्टर | १००० | ५०० |
| २५ | स्टेशनरी तथा पत्रपत्रिका | १००० | ५०० |
| २६ | जुत्ता चप्पल खरीद बिक्री | १००० | ५०० |
| २७ | राइस मिल(कुटानी,पिसानी) | १००० | ५०० |
| २८ | राइस मिल(कुटानी,पिसानी,पेलानी) | २००० | १००० |
| २९ | सहकारी संस्था | १००० | ५०० |
| ३० | ईंटा उद्योग | २५०० | १००० |
| ३१ | कम्प्युटर प्रशिक्षण केन्द्र | १००० | ५०० |
| ३२ | गाडिबाट व्यावसाय गर्ने प्रति गाडि प्रति पटक | ५०० | - |
| ३३ | दुध डेरी दर्ता(सूचीकरण एक पटकलाई) | १५०० | ५०० |
| | १०० लीटर सम्म | १००० | ५०० |
| | १०० देखि ३०० लीटर सम्म | १५०० | ५०० |
| | ३०० लिटर माथी | २००० | ५०० |
| ३४ | घरेलु तथा साना उद्योग | १००० | ५०० |
| ३६ | स-मिल दर्ता | ५००० | २००० |
| ३७ | पोलिक्लिनिक | २५०० | १००० |
| ३८ | फार्मेसी सम्बन्धि पसल | २००० | १००० |
| ३९ | ल्याव प्रयोगशाला सहित | १५०० | १००० |
| ४० | ल्याव फार्मेसी | २५०० | १५०० |
| ४१ | डेन्टल क्लिनिक | १००० | ५०० |
| ४२ | चस्मा पसल | १००० | ५०० |

| | | | |
|---|---|---|---|
| ४३ | जिम हाउस दर्ता सिफारिस | २००० | १००० |
| ४४ | होटेल गेष्ट हाउस | २००० | १००० |
| ४५ | रेष्टुरेन्ट | १५०० | १००० |
| ४६ | पार्टी प्यालेस दर्ता | ३००० | १५०० |
| ४७ | क्याटरिङ/टेन्ट हाउस | ३००० | १५०० |
| ४८ | पुल हाउस दर्ता | २५०० | १००० |
| ४९ | छापाखाना दर्ता | २५०० | १००० |
| ५० | आर्ट पसल | १००० | ५०० |
| ५१ | मोवाइल पसल/मर्मत सपल | १००० | ५०० |
| ५२ | कम्प्युटर तालिम तथा मर्मत केन्द्र | १००० | ५०० |
| ५३ | फोटोगाफर तथा गाफिक्स भिडियो | १००० | ५०० |
| ५४ | कस्मेटिक्स पसल तथा व्युटीपार्लर | १००० | ५०० |
| ५५ | स्टेशनरी तथा खेलकुद सामाग्री पसल दर्ता | १००० | ५०० |
| ५६ | कम्पनी ऐन अन्तर्गत दर्ता भएका व्यवसाय (विद्यालय बाहेक) | | |
| | ५ लाख भन्दा सानो | २००० | १००० |
| | ५ लाख भन्दा ठुलो | ५००० | २००० |
| ५७ | कम्पनी ऐन अन्तर्गत दर्ता भएका व्यवसाय (विद्यालय बाहेक) | १००० देखि ६००० | २००० |
| ५८ | थोक बिक्रेता दर्ता | २००० | १००० |
| ५९ | थोक बिक्रेता नविकरण | १००० | ५०० |
| ६० | अन्य व्यावसाय दर्ता | १००० | ५०० |
| ६१ | पुर्व प्राथमिक विद्यालय निजी | २००० | १००० |
| ६२ | आधारभुत विद्यालय निजी | ४००० | २००० |
| ६३ | माध्यमिक विद्यालय | ६००० | ३००० |
| ६४ | माध्यमिक विद्यालय नविकरण | २००० | १००० |
| ६५ | क्याम्पस | १०००० | ५००० |
| ६६ | ‘क’ वर्गको वाणिज्य बैंक दर्ता | १०००० | ५००० |
| ६७ | ‘ख’ वर्गको विकास बैंक दर्ता | ८००० | ४००० |
| ६८ | फाइनान्स कम्पनी दर्ता | ५००० | २००० |
| ६९ | लघुवित्त विकास बैंक दर्ता | ५००० | २००० |
| ७० | लघुवित्त विकास बैंक नविकरण | ५००० | २००० |

**नोट-(१) माथी उल्लेखित व्यवसाय नयाँ दर्ता गर्दा नबिकरण शुल्कमा थप ५०० लाग्नेछ।**

**(२) माथि उल्लेखित संघसंस्था अन्य ठाउँमा दर्ता भएतापनि यस गापामा आवद्ध हुनु पर्ने र आवद्धता गर्दा नविकरण सरह रकम लाग्नेछ।**

**(३) व्यवसाय कर निर्धारण गर्दा माथि उल्लेख भए बाहेक प्रकृतिका व्यावसाय दर्ता हुन आएमा मिल्दो प्रकृति र स्तरको दरमा व्यवसाय कर असुल गरिनेछ।**

## अनुसूची-४
## दफा ५ संग सम्बन्धित
## विज्ञापन कर

**क.विज्ञापन कर सम्बन्धि मापदण्ड**

१. भवनको छत र कौशीमा परिचय पाटी वा विज्ञापन सामाग्री राख्न पाईने छैन।

२. भवनमा झ्याल छोपेर परिचय पाटी वा विज्ञापन सामाग्री राख्न पाइने छैन।

३. बाटोको सिमाना देखी दश फिट भित्र तथा संधियारको सिमाना देखि पाँच फिट भित्र र सार्वजनिक स्थान वा संस्थान वा कार्यालय पा सार्वजनिक सेवा प्रवाह गर्ने स्थानमा विज्ञापन सामाग्री राख्न पाईने छैन।

४. सार्वजनिक उत्तरदायित्व अन्तर्गत निर्माण भएका जुनसुकै संरचनामा निर्माण कर्ताको नाम बाहेक राखिएको तस्वीर वा अक्षरको कर छुट हुने छैन।

५.भवन, जमिन, व्यापारिक वा व्यसायिक केन्द्र, होटल वा रेष्टुरेन्ट वा विद्यालय वा सिनेमा हल वा जुन सुकै भवनको भित्री भागमा कर छुट हुने छैन।

६.सुर्तीजन्य, मदिरा तथा नेपाल सरकारबाट प्रतिवन्धित तथा फाकफोकथुम गाउँपालिकाबाट निषेध गरिएका विज्ञापन प्रचार प्रसार गर्न पाईने छैन।

**विज्ञापन करको दर**

| क्र.सं. | विवरण | दर रु |
|---|---|---|
| १ | फाकफोकथुम गाउँपालिका क्षेत्रमा व्यवसायिक प्रयोजनका लागी राखिने होडिङ बोर्डमा बार्षिक प्रति वर्ग फुट | १०० |
| २ | फ्लेक्सबाट तयार गरिएको विज्ञापन प्रचार प्रसार सामाग्रीको प्रति वर्ग फुट | १० |
| ३ | होर्डिङ बोर्ड, ग्लो साईन बोर्डमा गरिने विज्ञापन प्रचार प्रसार सामाग्रीको प्रति वर्ग फुट | ३० |
| ४ | माल बाहक सवारी साधनको दायाँबाँया पट्टिको भागमा अधिकतम दश स्क्वार फुट सम्मको लागि प्रति दिन | ५० |
| ५ | स्थायी रुपमा लेखिएको वा छापिएको प्रचार प्रसार सामाग्रीको लागि प्रति वर्ष वर्ग फुट | २५ |
| ६ | खेल मैदान, मेला, जात्रा, पर्व र यस्तै प्रकृतिका कार्यक्रममा हुने विज्ञापन प्रचार सामाग्रीको अधिकतम १५ दिन र २० स्क्वार फुटका लागि प्रति दिन | ५० |
| ७ | सवारी साधनको छत (सिसाको जम्मा भाग मध्ये अधिकतम ५० प्रतिशत सम्म मात्र) मुख्य झ्यालको माथि पट्टिको भेन्टीलेसनमा विज्ञापनप्रचार सामाग्रीको प्रति स्क्वार फुट | ५० |
| ८ | आकाशमा वेलुन,ज्याकेटमा वा वेलुन बोकेर गरिने विज्ञापन (प्रतिदिन) | २५ |
| ९ | अन्यको हकमा प्रति वर्ग फिट प्रति वर्ष | १०० |

## अनुसूची-५
## दफा ६ संग सम्बन्धित
## वहाल बिटौरी शुल्क

| १. साप्ताहिक हाटबजार बाहेकका स्थानमा | | | | |
|---|---|---|---|---|
| **क्र सं** | **विवरण** | **इकाइ** | **दर रु** | **कैफियत** |
| १ | सार्वजनिक स्थलमा निर्माण गरेका टहराहरु | प्रति वर्ग फूट | २० | मासिक |
| २ | सार्वजनिक स्थलमा व्यक्तिले निर्माण गरेका घर | प्रति वर्ग फूट | १० | १ तलाको बार्षिक |
| ३ | सार्वजनिक स्थलमा व्यक्तिले निर्माण गरेका घर | प्रति वर्ग फूट | १५ | २ तलाको बार्षिक |

| २. २०८३।८४ को वहाल बिटौरी शुल्क | | |
|---|---|---|
| **क्र सं** | **विवरण** | **दर** |
| १ | कपडा पसल | १०० |
| २ | किराना पसल | ५० |
| ३ | कस्मेटिक पसल | ४० |
| ४ | सब्जी पसल | १० |
| ५ | इलेक्ट्रिक पसल | ५० |
| ६ | चटपटे पसल | २० |
| ७ | चिया नास्ता पसल | ५० |
| ८ | खेलौना पसल | ४० |
| ९ | वधशाला | ५० |
| १० | डोको मान्द्रो नाम्लो पसल | ३० |
| ११ | फलामका सामान पसल | ३० |
| १२ | सुर्तीजन्य सामाग्री पसल | ५० |
| १३ | जुत्ता चप्पल पसल | १०० |
| १४ | पुजा सामाग्री पसल | ३० |
| १५ | माटाका सामान पसल | ५० |
| १६ | भाँडाकुडा पसल | १०० |
| १७ | फलफुल पसल | ६० |
| १८ | बंगुर पाठा पाठी गोटा | २५ |
| १९ | बाख्रा पाठा पाठी प्रति गोटा | २५ |
| २० | खसी बोका प्रति गोटा | ७० |
| २१ | कुखुरा हाँस परेवा प्रति गोटा ठुलो | २० |
| २२ | कुखुरा हाँस परेवा प्रति गोटा सानो | १० |
| २३ | दुग्ध जन्य पसल | २५ |
| २४ | चस्मा पसल | ५० |
| २५ | अन्य | ३० |

## अनुसूची-६
## दफा ७ संग सम्बन्धित
## सडक उपयोग सेवा शुल्क

| क्र.सं. | राजस्वको क्षेत्रहरु | आ.ब.०८३।०८४ को दर |
|---|---|---|
| १ | निजी तथा भाडाका कार, जिप, भ्यान, पिकअप | ५०.० |
| २ | निजी तथा भाडाका बस, ट्रक | १००.० |
| ३ | निजी तथा भाडाका ट्याक्टर, मिनि ट्रक | ८०.० |
| ४ | हेभी गाडिहरु डोजर, क्रेन, एक्साभेटर, लोडर | १५०.० |
| ५ | विदेशी नम्बर प्लेटका गाडि | २००.० |
| ६ | रिजर्भ | ५०.० |
| ७ | रुट इजाजत दस्तुर बार्षिक | ५०००.० |

**ठेक्का बन्दोबस्त गर्ने प्रयोजनका लागी न्यूनतम अंक गाउँ कार्यपालिकाले निर्धारण गरे बमोजिम हुनेछ ।**

## अनुसूची-७
## दफा ८ संग सम्बन्धित
## दस्तुर तथा सेवा शुल्क

| क्र.सं. | राजश्वका क्षेत्रहरु | दररेट |
|---|---|---|
| १ | अदालत  शुल्क मिनाहा सिफारिस | ५०० |
| २ | अन्य प्रमाणित (दलित आदिबासी जनजाति) | ३०० |
| ३ | अन्य सिफारिस | २०० |
| ४ | अंग्रेजी भाषामा सिफारिस / प्रमाणित | १०००/५०० |
| ५ | अविवाहित प्रमाणित | ५०० |
| ६ | उद्योग ठाउँसारी सिफारिस | ५०० |
| ७ | उद्योग ठुला दर्ता | १०००० |
| ८ | उद्योग मझौला दर्ता | ५००० |
| ९ | उद्योग साना तथा लघु दर्ता | २००० |
| १० | एकासंगोल परिवार सिफारिस | २०० |
| ११ | कर चुक्ता प्रमाणित (कुल कारोबार अंकको) | ०.१ प्रतिशत |
| १२ | कागजात मञ्जुरीनामा प्रमाणित | ५०० |
| १३ | कार्यालय कागजात उतार र प्रतिलिपी (प्रति पाना) | १५ |
| १४ | कोठा खोल्ने रोहबर | २०० |
| १५ | गाउँपालिका कानून संग्रह | २००० |
| १६ | गाउँपालिका पार्शिचत्र | ५००० |
| १७ | घर कायम सिफारिस (अन्य) | २०० |
| १८ | घर कायम सिफारिस (व्यापारिक) | १००० |

| | | |
|---|---|---|
| १९ | घर पाताल प्रमाणित | २०० |
| २० | घरबाटो प्रमाणित | ५०० |
| २१ | घरसारी सिफारिस | ५०० |
| २२ | चारकिल्ला प्रमाणित | ५०० |
| २३ | चालचलन सिफारिस | २०० |
| २४ | चौपाया सिफारिस | ५०० |
| २५ | छात्रबृती सिफारिस | ५०० |
| २६ | सरकारी स्कुल / क्याम्पसमा गरिब जेहेन्दार बिद्यार्थी सिफारिस दस्तुर | २०० |
| २६ | जग्गा अंशबण्ड सिफारिस | ५०० |
| २७ | जग्गा धनी पुर्जा हराएको वा प्रतिलिपी सिफारिस | ५०० |
| २८ | जग्गा नामसारी सिफारिस | ५०० |
| २९ | जग्गाको हक सिफारिस | ५०० |
| ३० | जिवित रहेको सिफारिस | २०० |
| ३१ | धारा जडान सिफारिस | २०० |
| ३२ | नागरिकता प्रतिलिपी सिफारिस | ५०० |
| ३३ | नागरीकता सिफारिस (अंगिकृत) | ५०० |
| ३४ | नागरीकता सिफारिस (बंशज) | २०० |
| ३५ | नाता प्रमाणित नेपाली | २०० |
| ३६ | नाबालक सिफारिस (अन्य) | १००० |
| ३७ | नाबालक सिफारिस (अमेरिका, क्यानाडा, अष्ट्रेलिया, जापान, मकाउ, हङकङ, | २००० |
| ३८ | पारिवारिक लगत कार्ड दस्तुर | २० |
| ३९ | पारिवारिक लगत कार्ड नविकरण | १० |
| ४० | पुर्व प्राथमिक विद्यालय खोल्ने अनुमती (निजी) | २००० |
| ४१ | पेन्सन पट्टा सिफारिस (अन्य मुलुक) | २००० |
| ४२ | पेन्सन पट्टा सिफारिस (नेपाल) | ५०० |
| ४३ | पेन्सन पट्टा सिफारिस (भारत) | १००० |
| ४४ | प्राथमिक विद्यालय खोल्ने अनुमती (निजी) | ४००० |
| ४५ | फरक नामथर जन्म मिति प्रमाणित | ३०० |
| ४६ | बसाई सराई सिफारिस (आन्तरीक) | २०० |
| ४७ | बसाई सराई सिफारिस (बाह्य) | ५०० |
| ४८ | बसोबास सिफारिस | २०० |
| ४९ | बैदेशिक भुतवुर्व सैनिक वा प्रहरी विवरण प्रमाणित वा सिफारिस (बेलायत र सिंगापर) | ३००० |
| ५० | बैदेशिक भुतवुर्व सैनिक वा प्रहरी विवरण प्रमाणित वा सिफारिस (भारत) | २००० |
| ५१ | बैदेशिक रोजगार प्रमाणित (अन्य मुलुक) | ५०० |
| ५२ | बैदेशिक रोजगार प्रमाणित (अमेरिका, क्यानाडा, अष्ट्रेलिया, जापान, युरोप) | ३००० |
| ५३ | बैदेशिक रोजगार प्रमाणित (मकाउ, हङकङ, सिंगापुर, इजरायल, कोरिया) | २५०० |
| ५४ | भवन नक्शा नामसारी दस्तुर | ५०० |

| | | |
|---|---|---|
| ५५ | भवन नामसारी प्रति घर | ५०० |
| ५६ | भवन निर्माण अनुमती दस्तुर | ५०० |
| ५७ | भवन निर्माण नक्शा पास | ५०० |
| ५८ | भवन निर्माण सम्पन्न प्रमाण पत्र (व्यबसायिक) | ५०० |
| ५९ | भवन निर्माण स्वीकृत (आवाशिय प्रयोजन) प्रति वर्ग फुट | ५ |
| ६० | भवन निर्माण स्वीकृत (व्यबसायिक प्रयोजन) प्रति वर्ग फुट | १० |
| ६१ | मोबाइल टावर (ठुलो) | १२००० |
| ६२ | मोबाइल टावर (सानो) | ६००० |
| ६३ | मोही लगत कट्टा सिफारिस | ५०० |
| ६४ | रुख कटान सिफारिस (उत्तीस र अन्य) प्रति रुख | १०० |
| ६५ | रुख कटान सिफारिस (खयर) प्रति रुख | ३०० |
| ६६ | रुख कटान सिफारिस (खोटे सल्ला) प्रति रुख | २०० |
| ६७ | चिराइतो झिक्ने सिफारिस (प्रति वटा) | १ |
| ६७ | मजीटो/लोक्ता (प्रति के.जी.) | ५ |
| ६७ | विद्यालय कक्षा तहगत बृद्धि अनुमती (निजी) | २००० |
| | विद्यालय दर्ता (कक्षा १ ५) | २००० |
| | विद्यालय दर्ता (कक्षा ६ ८) | ४००० |
| | विद्यालय दर्ता (कक्षा ९ १०) | ६००० |
| ६८ | विद्यालय ठाउँसारी सिफारिस (निजी) | २००० |
| ६९ | विद्यालय नामसारी सिफारिस | २००० |
| ७० | विद्युत जडान सिफारिस | १००० |
| ७१ | व्यक्तिगत घटना दर्ता ३५ दिन पछि (जरिवाना र सेवा शुल्क सहित) | २०० |
| ७२ | व्यक्तिगत घटना दर्ता प्रतिलिपी | ५०० |
| ७३ | जन्म मृत्यु विवाह बसाई सराई प्रमाणित २०३७ साल पहिलेको | ५०० |
| ७४ | व्यक्तिगत घटना दर्ता मिति संशोधन | ५०० |
| ७५ | व्यावसाय करमा दर्ता सिफारिस | २०० |
| ७६ | व्यावसाय दर्ता शुल्क | १००० |
| ७७ | व्यावसाय नभएको वा सञ्चालन नभएको सिफारिस | ३०० |
| ७९ | व्यावसाय बन्द सिफारिस | ५०० |
| ८० | संरक्षक सिफारिस (व्यक्तिगत) | ३०० |
| ८१ | संरक्षक सिफारिस (संस्थागत) | ३०० |
| ८२ | संस्था दर्ता सिफारिस | १००० |
| ८३ | संस्था नविकरण | ५०० |
| ८४ | सम्पति वा आय मुल्यांकन दस्तुर | ०.२ प्रतिशत |
| ८५ | सरकारको नाममा बाटो कायम सिफारिस (व्यापरिक प्रयोजन) | १००० |
| ८६ | स्थलगत सर्जमिन मुचुल्का दस्तुर | ५०० |
| ८७ | हकदार भएको वा नभएको सिफारिस | २०० |
| ८८ | हातहतियार नविकरण सिफारिस | १००० |

| | | | |
|---|---|---|---|
| ८९ | दर्तावाला लेखापरीक्षक सुचिकृतको निवेदन दर्ता | | ५०० |
| ९० | गाउँपालिका दररेट (प्रतिलिपी) | | ५०० |
| ९१ | कक्षा ५ र ८ को शैक्षिक प्रमाण पत्रको प्रतिलिपी दस्तुर | | ५०० |
| ९२ | गैसस दर्ता | | १००० |
| ९३ | गैसस नविकरण | | |
| | आ.ब. को आश्विन मसान्त सम्म | | ३०० |
| | आ.ब. को कार्तिक देखि असार मसान्त सम्म | | ५०० |
| | आ.ब. समाप्त भएपछि प्रत्येक आ.ब. को थप | | ५०० |
| ९४ | समुह दर्ता इजाजत पत्र दस्तुर | | ५०० |
| ९५ | समुह नविकरण | | |
| | आ.ब. को आश्विन मसान्त सम्म | | ३०० |
| | आ.ब. को कार्तिक देखि असार मसान्त सम्म | | ४०० |
| | आ.ब. समाप्त भएपछि प्रत्येक आ.ब. को थप | | ५०० |
| ९६ | खाता बन्द सिफारिस | | २०० |
| ९७ | पदपूर्तिको लागी परीक्षा दस्तुर तथा फारम शुल्क | | |
| | अधिकृत स्तर | | १००० |
| | रा.प.अन. प्रथम वा सो सरह | | ५०० |
| | रा.प.अन. द्वितीय वा सो सरह | | ४०० |
| | श्रेणी विहिन | | |
| ९८ | सवारी साधन रुट इजाजत दस्तुर बार्षिक | | ५००० |
| ९९ | पेट्रोल पम्प इजाजत पत्र सिफारिस दस्तुर | | ५००० |
| १०० | न्यायीक दस्तुर | | १०० |
| १०१ | वडास्तरीय न्यायीक समिती निवेदन दस्तुर | | ५० |
| | न्यायीक समिती निवेदन दस्तुर | | १०० |
| | प्रतिलिपी दस्तुर प्रति पाना | | १० |
| १०२ | इजाजत पत्रको दर्ता तथा नविकरण शुल्क | | |
| | घ वर्गको निर्माण व्यावसाय दर्ता | | १०००० |
| | घ वर्गको निर्माण व्यावसाय नविकरण न्युनतम ३०००/कारोरोबारको०.२५% | | |
| | विलम्ब शुल्क २०० / बर्ष पौष सम्म बिलम्ब शुल्क लाग्ने छैन | | |
| | घ वर्गको निर्माण व्यावसाय नविकरण थप दस्तुर | | ५०० |
| | घ वर्गको निर्माण व्यावसाय इजाजत पत्र प्रतिलिपी दस्तुर | | २००० |
| | घ वर्गको निर्माण व्यावसाय ठाउंसारी | | ३५०० |
| | घ वर्गको निर्माण व्यावसाय नाम परीवर्तन | | २५०० |
| १०३ | **२०८२/०८३ का लागी घरको नक्शा पास गर्न र** | **प्रति वर्ग फुट** | **प्रति वर्ग फुट** |
| | बांसको बाराबेरा गरी माटोको लिउन गरेको/नगरेको र | ०.३५ | ०.२५ |
| | ईटा/ढुंगामा माटोको जोडाई गरी बांस/काठ/सिमेन्टले बाराबेरा | ३.०० | २.०० |
| | कर्कटपाताको छाना भएको काठको घर | ५.०० | ३.०० |
| | ईटा, ढुंगासंग सिमेन्ट जोडाई भई कर्कटपाताको छाना भएको | ६.०० | ३.५० |

| | | | |
|---|---|---|---|
| | आर.सि.सि., सिमेन्ट प्लाष्टर गरी कर्कटपाताको छानो वा ढलान | ७.०० | ४.५० |
| | आर.सि.सि. पक्की गरि जस्तापाताको घेराबास र छाँनो भएको | ५.५० | ३.२५ |
| | कम्पाण्डवाल | ५.०० | ३.०० |
| | **पुनश्चः** | | |
| | गाउँपालिकाको स्वीकृती नलिई घर तथा संरचना निर्माण | | |
| | तोकिएको अवधि भित्र अभिलेखिकरण गर्न नआएमा माथि | | |
| | नक्सापास गर्ने प्रयोजनका लागी बुंदा नं. १ का लागी आवेदन | | |
| | अभिलेखिकरण गर्ने प्रयोजनका लागी आवेदन दस्तुर रु. ५० | | |
| १०४ | उपभोक्ता समिति दर्ता शुल्क | ३०० | |
| १०५ | उपभोक्ता समिति नवीकरण | २०० | |
| १०६ | टोल विकास संस्था दर्ता दस्तुर | १००० | |
| १०७ | टोल विकास नवीकरण दस्तुर | ५०० | |
| १०८ | गाँपालीका स्तरीय सिफारीस | ५०० | |
| १०९ | शिक्षक सरुवा | | |
| | आधारभूत तह | ५०० | पालिका भित्र |
| | आधारभूत तह | ३००० | अन्तरपालिका तथा अन्तर जिल्ला |
| ११० | माध्यमिक तह | १००० | पालिका भित्र |
| | माध्यमिक तह | ५००० | अन्तरपालिका तथा अन्तर जिल्ला |
| १११ | अपुताली सिफारिस | १००० | |
| ११२ | बीमा कम्पनी/एजेन्ट | ५०० | |
| ११३ | अनुदान सिफारिस | ५०० | |
| ११४ | अनुदान भुक्तानी सिफारिस | १००० | |
| ११५ | योजना सम्झौता/सम्पन्न सिफारिस वडा स्तरीय | २०० | |
| ११६ | योजना सम्झौता/सम्पन्न सिफारिस गाउँपालिका स्तरीय | ५०० | |
| ११७ | अमिन सेवा दस्तुर (प्रतिदिन) | | |
| | ५ रोपनि भन्दा सानो १ कित्ता (१ कित्ता भन्दा बढि भएमा प्रति कित्ता २०० का दरले बढ्ने) | १००० | |
| | ५ रोपनि भन्दा ठुलो १ कित्ता ( १ कित्ता भन्दा बढि भएमा प्रति कित्ता २०० का दरले बढ्ने) | १५०० | |
| ११८ | कुकाठ गोलिया निकासिको लागि फिल्ड रेखाङ्कन शुल्क | | |
| | १५ रोपनि सम्म | २००० | थप प्रति कित्ता १००० |
| | १५ रोपनि भन्दा बढिको हकमा | ३००० | थप प्रति कित्ता १००० |

| | | | |
|---|---|---|---|
| ११९ | आपूर्तिकर्ता/परामर्शदाता सूचीकरण दस्तुर | १५०० | - |
| १२० | मनी ट्रान्सफर दर्ता | २००० | १००० |
| १२१ | अभिलेख दस्तुर | | |
| | प्राथामिक विद्यालय | ५०० | |
| | नि.माद्यमिक विद्यालय | १००० | |
| | माद्यमिक विद्यालय | १५०० | |
| | उच्च माद्यमिक विद्यालय | २००० | |
| १२२ | लघु जलविद्युत अभिलेखिकरण | १००० | |
| १२३ | लघु जलविद्युत नवीकरण | ५०० | |
| १२४ | टोटल स्टेसन भाडा (गाउँपालिका भित्र सञ्चालन हुने | २००० | |
| १२५ | टोटल स्टेसन भाडा (गाउँपालिका बाहिर सञ्चालन हुने | ५००० | |
| १२६ | व्याक्हु लोडर(इन्धन बाहेक) (आइडल चार्ज बाहेक) | २४१५ | |
| १२७ | स्काभेटर(इन्धन बाहेक) (आइडल चार्ज बाहेक) | ३५०० | |
| १२८ | स्काभेटर(इन्धन बाहेक) (आइडल चार्ज बाहेक) ब्रेकर सहित | ४००० | |
| १२९ | ट्र्याक्टर(इन्धन बाहेक) प्रतिघण्टा (कम्तीमा १ घण्टा हुहुपर्ने) | २००० | |
| १३० | ट्र्याक्टर(इन्धन बाहेक) प्रतिदिन)(समय बिहान ९ बजेदेखी ५ | १०००० | |
| १३१ | सामुदायिक वन अभिलेखिकरण | १००० | |
| १३२ | खोला नाला बालुवा गिटि झिकी लगेमा पहिलो पटक रु.५०० | ५००० | |
| १३३ | प्रधानमन्त्री रोजगार कार्यक्रम परिचय पत्र प्रतिलिपी | १०० | |
| १३४ | लेखा परिक्षण प्रतिवेदन समयमा नबुझाउने संघ संस्था उपर | ३००० | |
| १३५ | श्रम स्वीकृत दस्तुर | ५०० | |
| १३६ | पशु सेवा शाखा मार्फत दिइने शेवाहरु (कार्यालय समय भित्र) | | |
| | गोबर पिक्षण | ५० | |
| | थुनेलो परिक्षण | ५० | |
| | कृतिम गर्वधान | २०० | |
| | बोका बन्ध्याकरण | ५० | |
| | गोरु बन्ध्याकरण | २५० | प्रतिहल |
| | सुंगुर बुच्चा | ५० | |
| | सुंगुर भुनि | २०० | |
| | रबिज खोप | २०० | |

**निर्माण व्यवसायी सुचिकृत दस्तुर:**

| क्र.सं. | निर्माण व्यवसायीको वर्गीकरण | २०८३।८४ को दर |
|---|---|---|
| १ | घ वर्गको सूचीकरण शुल्क(यस पालिकामा दर्ता भएको कम्पनिलाई शुचिकरण शुल्क लाग्ने छैन ) | २५०० |
| २ | अन्य | ७००० |

**घरधुरी शुल्कः**

| क्र. सं. | सम्पतिको विवरण | २०८३।८४ को बार्षिक दर |
|---|---|---|
| १ | फुस वा टिनको छाना भएको एक तले घर | ५० |
| २ | काठ/इटा/बांसको जोडाई भई टिनको छाना भएको दुई तले घर | १०० |
| २ | आर.सि.सि. एकतले घर | १५० |
| ३ | आर.सि.सि. दुई वा बढी तला भएको घर | २०० |

**निकासी शुल्कः**

गाउँपालिका क्षेत्र भित्र उत्पादन भई निकासी हुने देहायका माल वस्तुहरुमा देहाय अनुसारको निकासी कर दस्तुर शुल्क निर्धारण गरिएको छ। निकासी करको ठेक्का अंक गाउँ कार्यपालिकाले निर्णय गरे बमोजिम हुनेछ।

| क्र.सं. | विवरण | इकाइ | २०८३।८४ को दर |
|---|---|---|---|
| | **नगदे बाली** | | |
| १ | अलैंची | प्रति बोरा | ३०० |
| २ | जडीबुटी | प्रति मन | १०० |
| ३ | चिया तथा कफी सुकेको | प्रति मन | १५० (प्रति पिकप १५००) |
| ४ | चिया तथा कफी हरियो | प्रति मन | ५० (प्रति पिकप ५००,प्रति ट्रयाक्टर ७५०) |
| ५ | अम्लिसो कुचो | प्रति मन | **५०** (प्रति पिकप १०००, प्रति ट्रयाक्टर १५००, प्रति ट्रक २५००) |
| ६ | अदुवा | प्रति मन | **२०** (प्रति पिकप ५००, प्रति ट्रयाक्टर ७५० र प्रति ट्रक १५००) |
| ७ | कोदो मकै | प्रति मन | **२०** (प्रति पिकप ५००, प्रति ट्रयाक्टर ७५० र प्रति ट्रक १५००) |
| ८ | दालचिनी | प्रति मन | **२००** (प्रति पिकप २०००, प्रति ट्रयाक्टर ३००० र प्रति ट्रक ५०००) |
| ९ | लोक्ता, मझिटो, चिराइतो / अन्य | प्रति मन | **५०**(प्रति पिकप १०००, प्रति ट्रयाक्टर १५०० र प्रति ट्रक ३०००) |
| | **बन पैदावार** | | |

| | | | |
|---|---|---|---|
| १ | दाउरा | प्रति ट्रक | २००० |
| २ | दाउरा | प्रति ट्र्याक्टर | ५०० |
| ३ | कडा काठ गोलिया सखुवा | प्रति ट्रक | ५००० |
| ४ | कडा काठ गोलिया सखुवा | प्रति ट्र्याक्टर | २५०० |
| ५ | कडा काठ गोलिया अन्य | प्रति ट्रक | २००० |
| ६ | कडा काठ गोलिया अन्य | प्रति ट्र्याक्टर | १००० |
| ७ | नरम काठ गोलिया अन्य | प्रति ट्रक | १५०० |
| ८ | नरम काठ गोलिया अन्य | प्रति ट्र्याक्टर | ७५० |
| ९ | डोको / मान्द्रो / डालो | प्रति गोटा | ५ |
| १० | चित्रा भकारी | प्रति गोटा | १० |
| ११ | बाँस | प्रति गोटा | ५ |
| १२ | काठको दराज | प्रति गोटा | १०० |
| १३ | काठको अन्य सामान | प्रति गोटा | ५० |
| | **तेलहन दलहन** | | |
| १ | तोरी / आलस | प्रति मन | २५ |
| २ | घ्यू / तेल | प्रति मन | २०० (प्रति पिकप ३०००) |
| ३ | दाल / भटमास | प्रति मन | १०० |
| ४ | छुर्पी | प्रति मन | २०० (प्रति पिकप ५०००) |
| | **तरकारी सागसब्जी** | | |
| १ | आलु / फर्सी / काँक्रा / स्कुस / मुला | प्रति मन | २० |
| २ | रायो साग / स्कुस / मुन्टा / निगुरो | प्रति मन | ५ |
| ३ | सिमि- बोडी / बेसार | प्रति मन | १० |
| ४ | अन्य तरकारी | प्रति मन | १० |
| ५ | खोर्सानी अकबरे | प्रति मन | १०० |
| ६ | तरुलजन्य बस्तु | प्रति मन | ५० |
| ७ | टमाटर | प्रति मन | २० |
| | **फलफुल** | | |
| १ | जुनार / सुन्तला / कागती | प्रति मन | २५ |
| २ | नास्पाती / आल्चा मेल | प्रति मन | १५ |
| ३ | केरा | प्रति घरी | १० |
| ४ | किवी / एभोकार्डो | प्रति मन | १०० |
| | **पशुपंक्षी** | | |
| १ | गाई / गोरु | प्रति गोटा | १०० |
| २ | भैंसी / राँगा / घोडा | प्रति गोटा | १५० |
| ३ | सुंगुर / बंगुर / बाख्रा / खसी -बोका | प्रति गोटा | ३० |
| ४ | बाच्छा / बाच्छी / पाडा / पाडी | प्रति गोटा | ५० |
| ५ | सुंगुर / बाख्रा / पाठा- पाठी | प्रति गोटा | २५ |
| ६ | हाँस / कुखुरा अन्य पंक्षी | प्रति गोटा | १० |

| | **अन्य** | | |
|---|---|---|---|
| १ | कवाडी सामान | प्रति बोरा | २० |
| २ | दाना रुद्राक्ष मुल्यवान वाहेक | प्रति केजी | ५० |
| ३ | कटुस | प्रति मन | ५० |
| ४ | पांग्रा रिठ्ठा | प्रति मन | ५० |
| ५ | ईन्द्रणि वियाँ | प्रति मन | ५० |

**अनुसूची-८**
**दफा ९ संग सम्बन्धित**
**प्राकृतिक स्रोत संकलन तथा बिक्री शुल्क**

फाकफोकथुम गाउँपालिकाबाट आर्थिक बर्ष ०८३।०८४ मा संकलन गरिने प्राकृतिक स्रोत तथा बिक्री शुल्कको दर प्रदेश सरकारको आर्थिक ऐन २०८३ बमोजिम हुनेछ।

आज्ञाले

निर्मल तुम्रोक

(प्रमुख प्रशासकीय अधिकृत)